# कर्णाली प्रदेश र प्रदेश सभा



**माननीय पुष्पा घर्ती (विष्ट)** [*]

अधिकांश हिमाली तथा पहाडी भुभाग रहेको यस कर्णाली प्रदेश २४,४५३ वर्ग कि.मी. क्षेत्रमा फैलिएको छ । कर्णाली प्रदेशको जनसंख्या १५,७०,४१८ रहेको छ । दश वटा जिल्ला, २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी ७९ वटा स्थानीयतहमा ७१८ वटा वडा रहेका छन् । ५३ वटा जातजाति ३५ वटा भाषाभाषी र ८ वटा धर्म संस्कृति मान्ने यस कर्णाली प्रदेश नेपालको पुरानो सभ्यतासँग कर्णाली नदीको सभ्यता मानव सभ्यता र संस्कृतिसँग जोडिएको छ । विकट भूभाग थोरै जनसंख्या, छरिएर रहेको बस्तिहरूमा जनतामा पुऱ्याउने सेवा र पूर्वाधार विकासको पहुँच बढाउन निकै चुनौती रहेको छ ।

अर्थतन्त्रको सूचकमा कर्णाली प्रदेश सबै भन्दा कमजोर छ । राष्ट्रिय राजमार्गसँग नजोडिएको हुम्ला र डोल्पा जिल्ला यसै प्रदेशमा रहेका छन् । मानव विकासको सूचकाङ्कमा सबैभन्दा कजमोर अवस्थामा कर्णाली प्रदेश रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस प्रदेशमा १६ वर्ष माथिको साक्षरता दर ५२% रहेको छ । उत्पादनका विविध क्षेत्र कृषि, वन, व्यापार, व्यवसाय निर्माण क्षेत्रतर्फ न्यून हिस्सा ओगटेको छ । पर्यटनको सम्भावना प्रचुर रहे पनि होटेल रेष्टुराँको क्षेत्रमा अन्य क्षेत्रको तुलनामा १-२% पनि योगदान गर्न सकेको देखिदैन ।

कर्णाली प्रदेशको आफ्नै भरपर्दो राजश्वको आधार र आन्तरिक स्रोतहरू रहेका छैनन् । प्रदेशको अधिकांश भूभाग तिब्बततिर जोडिएको भएपनि तिब्बततिरका भन्सार नाकाहरू सक्रिय भएका छैनन् । प्रदेशमा कुनै नया पहिचान दिन सक्ने ठूलो उद्योगधन्दा स्थापना र विकास भएको अवस्था छैन । स्थानीय केही उत्पादनले बजारमा खासै प्रतिस्पर्धा गर्न सकेको अवस्था छैन । गरिबको पहुँचमा अझै गुणस्तरीय शिक्षा छैन । भएका सरकारी कार्यालयहरूले प्रदान गर्ने सेवाप्रति आम जनताको भरोसा र विश्वास टुटेको छ। भ्रष्टाचार दलाली व्याप्त रहेको जनगुनासो रहेको छ । साविकको कर्णाली यी नै तमाम समस्याका बाबजुद संघ, प्रदेश, स्थानीय तह राज्य संरचना बदलिँदै २०७४ सालको निर्वाचनपश्चात् निर्वाचित जनप्रतिनिधिहरूले वि.सं. २०७४ माघ २ गते प्रदेश प्रमुख दुर्गाकिशर खनालको समुउपस्थितिमा प्रदेश सभाका जेष्ठ सदस्य हेमबहादुर शाहीद्वारा प्रदेश नं. ६ को प्रदेश माननीयहरूको सपथ कार्य साविकको जि.वि.स., सुर्खेतको हलमा सम्पन्न भएको थियो ।

---

[*] उपसभामुख, कर्णाली प्रदेश सभा

सपथग्रहण पश्चात् २० ७४ साल माघ २१ गते साविकको सिचाईं डिभिजन कार्यालय भवनलाई प्रदेश संसद भवनका रूपमा प्रदेश सभा संचालन कार्यदलको नेतृत्व गरेर वरिष्ट सचिव कृष्णहरि खड्काको नेतृत्वमा उपसचिव संजय दाहाल, सहसचिव राजेश पौडेलको व्यवस्थापन, समन्वय र सहयोगमा पहिलो अधिवेशनको पहिलो बैठक यात्रा सुरु गरेको यस प्रदेश नं. ६ को सभाले नामाकरण गरी कर्णाली प्रदेश नाम र राजधानी वीरेन्द्रनगर, सुर्खेत तोकेर २८ वटा विधेयक संसदमा दर्ता र प्रमाणीकरण गरी चौथो अधिवेशन सम्पन्न गरिसकेको छ ।

यस प्रदेश सभा कर्णाली प्रदेशमा दशवटा जिल्लामा सुर्खेत, दैलेख,जाजरकोट, रुकुमपश्चिम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट र मुगुको प्रतिनिधित्व गर्ने ४० जना माननीष सदस्यज्यूहरू रहनुभएको छ। जसमा २४ जना प्रत्यक्ष निर्वाचित रहनु भएको छ भने १६ जना समानुपातिक प्रणालीबाट निर्वाचित सदस्यहरू रहनु भएको छ जसमध्ये १३ जना महिला र २७ जना पुरुष माननीय सदस्यहरू रहनु भएको छ। यस प्रदेश सभा कर्णाली प्रदेशमा सभामुख मा० राजबहादुर शाही, उपसभामुख पुष्पा घर्ति (बिष्ट) सभाको मुख्य सचिवमा जीवराज बुढा रहनु भएको छ ।

सभामा प्रतिनिधित्व गर्ने दल ने.क.पा. बाट ३३ जना, नेपाली कांग्रेसबाट ६ जना र रा.प्र.पा.बाट १ जना मात्र रहनु भएको छ । प्रदेश सभामा दलीय प्रतिनिधित्व र पदाधिकारीमा सतापक्ष ने.क.पा.बाट दलको नेता मुख्यमन्त्री मा० महेन्द्रबहादुर शाही, सोही दलका प्रमुख सचेतक गुलावजँग शाही, सचेतकमा सीता नेपाली रहनुभएको छ भने नेपाली कांग्रेसबाट प्रतिपक्षी दलको नेता मा० जीवनबहादुर शाही, सोही दलका सचेतकमा मा० हिमबहादुर शाही र अन्यपार्टी रा.प्र.पा.बाट मा० शोसिला शाही रहनु भएको छ ।

यस सभामा संविधानको धारा १९४ अनुरूप प्रदेश सभाले आफ्नो कार्य संचालन गर्न सभा र सचिवालयमा सुव्यवस्था कायम राख्न समितिहरूको गठन, कामकारवाही र सभा संचालन सम्बन्धी अन्य विषय नियमित गर्नका लागि प्रदेश सभा नियमावली कर्णाली प्रदेश, २०७४ बमोजिम प्रदेश सभाका सभामुख मा० राजबहादुर शाहीको नेतृत्वमा एघार सदस्य कार्यव्यवस्था परामर्श समिति गठन भएको छ ।

संविधानको धारा १९३ प्रदेश सभा नियमावलीको नियम १४४ बमोजिम प्रदेश सभामा चार वटा निम्न बमोजिमका विषयगत समितिहरू सभाका सम्पूर्ण कार्यप्रणालीलाई व्यवस्थित गर्न बनेका छन्:

१) विधायन तथा प्रदेश मामिला समिति

२) सार्वजनिक लेखा समिति

३) अर्थ तथा प्राकृतिक स्रोत समिति

४) सामाजिक विकास समिति

चार समितिको नेतृत्व क्रमशः विधायन तथा प्रदेश मामिला समितिको अध्यक्षमा पदम बहादुर रोकाया, सार्वजनिक लेखा समितिको अध्यक्षमा दीनबन्धु श्रेष्ठ, अर्थ तथा प्राकृतिक स्रोत समितिको अध्यक्षमा अम्मर बहादुर थापा र सामाजिक विकास समितिको अध्यक्षमा राजु नेपाली रहनु भएको छ ।

**समितिका प्रभावकारी भूमिका**

प्रदेश सभा सदनमा ढ्यापढ्यापे, विशेष समय, प्रश्नउत्तरले मात्र प्रदेश सभाको सदनमा सीमित औपचारिक छलफलबाट मात्र सदनका जटिल महत्त्वपूर्ण कानून निर्माणका कामहरूले पूर्णता पाउन नसक्ने भएकोले संसदीय विषयगत समितिहरूले प्रक्रियागतरूपमा सभामा प्रवेश गरेको विधेयकमा वस्तुवादी, यथार्थपरक र निर्णायक छलफललाई जीवन्त राख्न सभाको बोझलाई कम गर्न सभाको भूमिकामा कतै असर

नहुने गरी विषयगत समितिहरूसँग सम्बन्धित मन्त्रालयका मन्त्री विषयगत विज्ञ र समितिका बीच बहस छलफल भई निर्णयमा पुग्न सकिने भएको हुँदा यस्ता समितिहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यी समितिहरूको भूमिकाले प्रदेश सभालाई मात्र छैन प्रदेश सरकार सांसदलाई समेत जिम्मेवार जवाफदेही र सक्रिय बनाएको छ । सांसदहरू जनताको प्रतिनिधित्व गर्दै कानून निर्माणमा समितिहरूमा हुने बहसले जनताको अवस्था जनताका सरोकारका विषयहरूमा प्रदेश सरकारले आफ्नो दायित्व पूरा गरेको छ कि छैन, प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम र बजेटबीचको तालमेल छ कि छैन ? कार्यन्वयन पक्षमा के कस्तो भएको छ ? सांसद र संसदप्रति उत्तरदायी भए नभएको, प्रदेश सभालाई प्रभावकारी र सक्रिय बनाई राख्न सरकारको भूमिकाको अवस्था र मूल्याङ्कन गर्ने दायित्व पनि सांसद र समितिहरू कै रहेको छ ।

संसद र सरकारको शक्तिको स्रोत जनता हो न की कुनै पुलिस-सेना वा राज्यको ढुकुटि कुनै होइन । त्यसैले सम्पूर्ण जनताको प्रतिनिधित्व संसद र सरकारमा सुनिश्चित गर्न समानुपातिक, समावेशिता र मिश्रित निर्वाचन प्रणालीलाई संघीय संविधानले अबलम्वन गरेको छ । सोहि बमोजिम स्वतन्त्र न्यायपालिका कार्यकारी मूख्यमन्त्री रहेको प्रदेशमा आलङ्कारिक संवैधानिक प्रदेश प्रमुखको व्यवस्था संविधानमा रहेको छ।

नेपालको संविधानको धारा १६२ प्रदेश सभा नियमावली, २०७४ अनुसार यस सभामा बहुमत प्राप्त दल नेकपाबाट दलको नेता महेन्द्र बहादुर शाही मूख्यमन्त्री सहित निजको नेतृत्वमा सात सदस्यीय प्रदेश सरकार रहेको छ ।

सोही सरकारबाट तीन पटक बजेट भाषण प्रेदश सभामा मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले गरिसक्नु भएको छ । आ.व. २०७४/७५, आ.व. २०७५/७६ र आ.व. २०७६/७७ को बजेट पाश भैसकेको छ ।

प्रस्तुत बजेटको बहसमा सत्तापक्ष प्रतिपक्षका सांसद दलका नेता कर्णाली प्रदेशको सबैको रोग, भोग, अशिक्षा लगायत साझा समस्या हो । यसका विरुद्ध कर्णाली प्रदेश संसद र सरकारको एउटै लक्ष्य विकास पूर्वाधार र परिवर्तन हो । कर्णाली प्रदेश मुलुक समृद्धिको मुहान हो। कर्णालीको समृद्धिमा जल, जमिन, पर्यटन, जडीबूटी प्रमुख श्रोत छन् भने विविध भेषभुषा र भाषा संस्कृति मुख्य केन्द्रविन्दु हुन हुम्ला-कालिकोट हुँदै बग्ने नदि कर्णाली, डोल्पा-जाजरकोट हुँदै बग्ने नदी कर्णाली भेरी मुगु, जुम्ला हुँदै बग्ने तिला नदीको पानी उपयोग गरेर विद्युत हवको रूपमा विकास गर्न सके कर्णाली सम्वृद्धि सम्भव छ । लगानीको अभावमा सम्भावनाले टुलुटुलु हेरेर बस्ने समस्याको अन्त गर्न सके समृद्धिको ढोका कर्णाली मै रहेको कुरा संसदको बजेट भाषणमा प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले संसद र सभामुखको ध्यानाकर्षण गराउँदै व्यक्त गर्नुभएको छ । कर्णालीवासी जनताकाबीच प्रतिवद्धता जाहेरसमेत गर्दै आउनु भएको छ। कर्णालीवासी जनताको सुख र समृद्धि यहि प्रतिवद्धताको कार्यान्वयनमा लुकेर बसेको छ ।